# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल


प.सं.०७५/७६
च.नं. ५६८८

मितिः २०७६/०१/१०

**विषयः न्युनतम रोजगारीमा संलग्न हुनको लागि म्याद थप गरिएको बारे ।**

श्री वडा कार्यालय (सबै)
भरतपुर महानगरपालिका
भरतपुर, चितवन

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६/२०७७ का लागी न्यूनतम वर्षमा १०० दिन रोजगारीमा संलग्न हुन निवेदन दिने म्याद २०७६ साल वैशाख मसान्तसम्मका लागि थप गरिएको हुदाँ आफ्नो वडाभित्र स्थायी बसोबास गरी आएका १८ देखि ५९ उमेर समूहका, २०७५ श्रावण १ गतेदेखि चैत्र मसान्तसम्म १०० दिन रोजगारमा संलग्न नभएका ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ वैशाख मसान्त सम्म देहायका कागजातसहित त्यस कार्यालयमा निवेदन दिने व्यवस्था भएकोले आफ्नो वडाभित्र स्थायी बसोबास भएका व्यक्तिहरूलाई अनुसूची-१ अनुसारको फारामको सम्पूर्ण विवरण भरीभराई गर्न अनुरोध छ । साथै पहिला अपुरो पारिवारिक विवरण भरी आवश्यक कागजात पेश नगरी फाराम बुझाउनु भएकाले पुनः वडा कार्यालयमा सम्पर्क राखी पेश गर्न अनुरोध छ । अन्यथा पेश नगरेमा हाम्रो रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) ले सूचीकृत गर्न नसक्ने कुरा जानकारी छ । प्राप्त निवेदनहरुलाई वडा समितिको रोहवरमा बेरोजगार हो भनी प्रमाणिकरण गरी पठाईदिनु हुन अनुरोध छ ।

**तपसिल**

| | |
|---|---|
| १. नेपाली नागरिकताको प्रतिलिपी | १ थान |
| २. पासपोर्ट साइजको फोटो | १ थान |
| ३. शैक्षिक योग्यताको हकमा प्रमाणपत्रको प्रतिलिपि | १/१ थान |
| ४. कुनै तालिम लिएको वा काम गरेको अनुभव भएमा प्रमाणपत्रको प्रतिलिपि | १/१ थान |
| ५. बसाइसराईं गरेर आउनुभएको निवेदकले सोको प्रमाणपत्रको प्रतिलिपि | १ थान |
| ६. विवाह गरी आउनु भएका महिला निवेदकको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ थान |

पुनश्चः बेरोजगार सहायतामा संलग्न हुन नचाहनेले र निजी प्रयासमा कतै रोजगारमा संलग्न भएमा सम्बन्धित वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा जानकारी गराउन अनुरोध छ । फाराम भर्दा निवेदकले झुठा विवरण पेश गरे प्रचलित कानुन बमोजिम सजाय हुने कुरा जानकारी गराईन्छ ।

२०७६/१/११

(तेजप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति
बिनोद खराल
रोजगार संयोजक (शा. अ.)
रोजगार सेवा केन्द्र
मोबाईल नं.:- ९८४५३५६१२८